परिच्छेद ३

# ३.१ पूर्ण कार्यान्वयन भएन श्रम ऐन : चिया श्रमिकका समस्या ज्युँका त्युँ

**पृष्ठभूमि**

नेपाल सरकारले २०७४ साउन १ गतेदेखि लागू हुने गरी श्रम ऐन जारी गरेपछि सङ्गठित वा असङ्गठित श्रमिकहरूको न्यूनतम ज्याला र सामाजिक सुरक्षाका विषयहरू कार्यान्वयनमा आउने र श्रमिकले न्यूनतम ज्याला पाउने अपेक्षा गरिएको थियो। संविधानको धारा ३४ मा श्रमको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएपछि पारिश्रमिक र सामाजिक सुरक्षासँग जोडिएका समस्याहरू हल भएर जाने आसा थियो। संविधानले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने गर्ने कामदार वा मजदुरलाई श्रमिकका रूपमा परिभाषित गऱ्यो। प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई संविधानले श्रमको हकमा सम्बोधन गऱ्यो। श्रमको मूल्य र श्रमिकको सामाजिक सुरक्षाका विषयमा कानुन अब्बल भए पनि व्यवहारिक कार्यान्वयन नहुँदा श्रमिकका समस्या ज्युँका त्युँ रहे।

प्रदेश १ को ताप्लेजुङ, संखुवासभा, भोजपुर, धनकुटा, तेह्थुम, पाँचथर, इलाम, झापा र मोरङमा चिया खेतीमा आबद्ध श्रमिकहरूको अवस्थामा उस्तै छ। नेपालमा हाल १२ हजार ६६ हेक्टरमा जमिनमा चियाखेती हुन्छ। नेपालमा हाल ९ हजार २ सय ३६ ओटा चिया बगान छन्। चियाको बगान र किसानको संलग्नता अनुसार इलाम सबैभन्दा अगाडि छ। इलाममा ५ हजार ५ सय ९८ चिया बगान छन्। झापामा १ हजार ६ सय १ ओटा चिया बगान छन्। पाँचथरमा सात सय ७२ ओटा बगानले ६ सय ७४ हेक्टर क्षेत्रफल ओगटेको छ।

श्रमिकका समस्या हल गर्न सरकारले न्यूनतम पारिश्रमिक तोकी श्रम ऐन जारी गरे पनि त्यसलाई चिया उद्योगीहरूले कार्यान्वयनमा नल्याउँदा चिया श्रमिकका समस्या आज पनि उस्तै छन्। सरकारले साउन १ देखि लागू गर्न लागेको श्रम ऐन २०७४ एक पक्षीय भएको भन्दै चिया उद्योगीले श्रम ऐनमा व्यवस्था भए अनुसार चिया श्रमिकलाई पारिश्रमिक भुक्तानी गर्न नसक्ने जनाएपछि चिया श्रमिकका समस्या हल हुन सकेको छैन। ऐन लागू भए प्रत्येक वर्ष एक जना कामदार बराबर ३५ प्रतिशत भार थपिने भएपछि चिया उद्योगी श्रम ऐनको विरोधमा छन्। श्रम ऐन २०७४ लागू हुनुअघि स्थायी कामदारलाई दैनिक २ सय ७८ रुपियाँ ज्यालासहित ५ प्रतिशत सञ्चयकोष, ५ प्रतिशत उपदान, १३ दिन सार्वजनिक बिदा, १२ दिन घर बिदा, साढे सात दिन बिरामी बिदा र २६ दिनको बोनस गरी वार्षिक १ लाख ८ हजार ३ सय रुपियाँ चिया उद्योगीहरूले चिया श्रमिकलाई भुक्तानी गर्दै आएका थिए।

ऐन लागू भएपछि स्थायी, अस्थायी, मौसमी वा एक दिन काम गरेको मजदुरलाई पनि त्यही ज्यालासँगै १० प्रतिशत सञ्चयकोष, ८ दशवमल ३३ प्रतिशत उपदान, १ दशमलव ६७ प्रतिशत बीमा, सार्वजनिक बिदा १४ दिन, १८ दिन घर बिदा, बिरामी बिदा १२ दिन र बोनस २६ दिनको गरी वार्षिक १ लाख १९ हजार ५ सय ४० रुपियाँ भुक्तानी रुपैयाँ दिनुपर्ने व्यवस्था श्रम ऐनले गरेको छ। सरकारले चिया श्रम नियमावली, २०५० लाई खारेज गर्दै २०७४ भदौ १९ गतेदेखि श्रम ऐन लागू गरेको थियो। यो ऐनलाई सरकारले २०७५/७६ को बजेट भाषणमार्फत चिया उद्योगको क्षेत्रमा पनि लागू गरे पनि व्यवहारिक कार्यान्वयनका लागि उद्योगी र सरकार संवेदनशील नहुँदा चिया श्रमिक न्यूनतम श्रमबाट आजका दिनमा समेत वञ्चित भइरहेका छन्। संविधान प्रदत्त श्रमको हकमा श्रमिकलाई श्रमबापत उचित पारिश्रमिक र सामाजिक सुरक्षाको हक हुने व्यवस्था कार्यान्वयन नहुँदा मौलिक हकबाट श्रमिकहरू वञ्चित हुनुपरेको अवस्था छ।

**चिया श्रमिक र पारिश्रमिक**

श्रम ऐन २०७४ ले गरेको व्यवस्थाअनुसार चिया श्रमिकलाई अन्य सुविधा दिइएको छैन। दैनिक ज्यालाबाहेक तोकिएको अतिरिक्त सुविधा, श्रमिकको बीमा, दुर्घटना बीमा, स्वास्थ्योपचारलगायत दर्जनौं सुविधाबाट श्रमिक पनि वञ्चित छन्। इलाम र झापाका चिया श्रमिकलाई अहिलेसम्म नियुक्ति र सम्झौतापत्रविनै काम लगाइएको पाइन्छ। जब, सरकारले ज्याला र सुविधा बढाउँछ, त्यति नै बेला

श्रमिकलाई साविकको काममा धेरै बोझ थपेर लगाउने गरिएको छ। काम गर्नै नसकेर कतिपय श्रमिकले पेशा परिवर्तन गरेका छन्। तर, श्रमिकले कामबाटै हट्नुपर्ने डरले व्यवस्थापनविरूद्ध न आवाज उठाउन सकेका छन्, न त तुरून्त काम छाडेर अरूतिर जान नै। आधा दशकभन्दा बढी चियाकै स्याहारमा बिताएका मजदुर अहिले पनि उसरी नै बगानमा ढाकर बोकेर चियाका मुना चहारिरहेका छन्। दैनिक काम गरेर आएको ज्यालाले बिहान–बेलुकाको गर्जो टारिरहेका छन्। उनीहरू आफ्नो अधिकारको खोजीभन्दा घरको हातमुख जोर्ने समस्यालाई चाहिँ प्राथमिक ठान्छन्। र, कतिपय श्रमिक बढी ज्याला पाउने लोभ देखाए पनि अन्य काममा जान सकेका छैनन्। उनीहरूले चियाबारीको काम छाड्नेबित्तिकै आफू बसेको छाप्रो (धुरा)समेत छाडनुपर्ने भएकाले उनीहरू अन्य काममा जानबाट बाँधिएका छन्। इलामका सरकारी चिया बगानकै मजदुरले लामो समयसम्म सरकारले तोकेको दरको दैनिक ज्याला पाउन सकेनन्। दैनिक ज्याला कार्यान्वयनका लागि उनीहरूले आन्दोलन गरे।

पछिल्लो समय २०७५ साल साउनमा तोकिएको ज्यालादर लागू नहुँदा मजदुरले ९ महिनासम्म आन्दोलन गरे। आन्दोलनपछि ज्यालादर लागू त भयो तर आन्दोलनमा व्यवस्थापन पक्षसँग भएको सहमतिको मितिदेखि मात्रै। उनीहरूले करिब ९ महिनाको थपिएको ज्याला अहिलेसम्म पनि पाएका छैनन्। ज्याला नपाउँदा र पटक–पटक आन्दोलन गर्दा पनि निकाश ननिस्किएपछि मजदुरहरू आफूले वर्षौंदेखि गरी आएको काममा निराश छन्। कतिपय मजदुर कामै छाडेर अरूतिर रोजगारी गर्न बाध्य भएका छन्। तर, आफूहरूको घर–जग्गा नभएको, चियाबारीकै जमिनमा छाप्रो हालेर बसेको हुनाले चिया बगान व्यवस्थापनले जति रकम दिए पनि चुप लागेर स्वीकार्नुको विकल्प नभएका कारण केही मजदुर भने व्यवस्थापनले आफूखुशी तोकेको सुविधामा चित्त बुझाएर काम गरिरहेका छन्।

**अध्ययनको उद्देश्य**

- चिया मजदुरका लागि राज्यले निर्माण गरेका नीति, कानुन र अख्तियार गरिएका कार्यक्रमको व्यावहारिक कार्यान्वयनबारे जानकारी लिन।
- सरकारी नीति र ऐन कार्यान्वयन नहुँदा चिया श्रमिकमा परेको आर्थिक असरबारे थाहा पाउन।
- चिया बगान व्यवस्थापन पक्ष र सरकारलाई मजदुरका समस्याबारे ध्यानाकर्षण गराउन।

**अध्ययन विधि र सामग्री**

- स्थलगत अवलोकन (मजदुरले काम गर्ने बगान, कारखाना बसोबास गर्ने धुरा आदि)
- अन्तर्वार्ता (मजदुर सङ्गठनहरूका पदाधिकारी, बगान र कारखानाका मजदुर, अधिकारकर्मी, चिया बगान व्यवस्थापन पक्षका प्रतिनिधि आदि)
- स्रोत सामग्री (विभिन्न समयमा प्रकाशित मजदुरसम्बन्धी लेख–रचना, पुस्तक, मजदुरका जीवनकथा, मजदुरले ज्याला लिएर हस्ताक्षर गरेका भरपाई, श्रम ऐन–२०७४, श्रम नियमावली–२०७५, विभिन्न पत्रपत्रिका आदि।
- मजदुरको न्यूनतम पारिश्रमिकबारे जारी भएका राष्ट्रिय–अन्तर्राष्ट्रिय व्यवस्था।
- सरकारले ०७५ मा प्रकाशन गरेको मजदुरको न्यूनतम ज्यालासम्बन्धी राजपत्र।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि।
- नेपालको संविधान २०७२ श्रमको हक र रोजगारीको हक।

**अध्ययनको सीमा**

यो अध्ययन इलामका सरकारी र झापाका निजी स्वामित्वका चिया बगानमा काम गर्ने मजदुरले पाउने मासिक पारिश्रमिक, दैनिक ज्याला र अन्य सुविधा कार्यान्वयनको अवस्थामा केन्द्रित छ। अध्ययनमा मजदुरले अहिले पाइरहेको र सरकारले तोकेको ज्यालादरको अवस्था, उनीहरूलाई लगाइएको कामको स्थिति, सरकारले तोकेको अरू सुविधा पाउन मजदुरले गरेको आन्दोलन र प्रयासलगायत केलाउने प्रयास गरिएको छ। उनीहरूले किन तोकिएको सुविधा पाउन नसकेका हुन् भन्नेबारे बुझ्ने प्रयास गरिएको छ।

**अध्ययनबाट प्राप्त निष्कर्षको प्रस्तुति**

इलाम र झापाका चिया बगानमा कार्यरत श्रमिकले ०७५ साउनदेखि लागू भएको दैनिक ज्यालादर २०७६ जेठदेखि मात्रै पाए। तोकिएको मितिदेखि करिब ९ महिनाको बढेको ज्याला उनीहरूलाई दिइएको छैन। सरकारले ०७५ साउनदेखि लागू हुनेगरी न्यूनतम दैनिक ३ सय ८५ रुपियाँ ज्याला तोकेको थियो। तर, ज्याला

बढेपछि श्रमिकलाई पहिले गर्दै आएकोभन्दा बढी काम लगाइएको छ। श्रमिकले गर्नै नसक्ने गरी कामको भार थपेर हतोत्साही बनाइएको छ । न्यूनतम् ज्याला कार्यान्वयन गरेसँगै बगान व्यवस्थापन पक्षले हातले टिपेको चिया प्रतिश्रमिक दैनिक २२ किलो र सानो मेसिनले टिपेको चिया दैनिक ५० किलो पुऱ्याउनुपर्ने नियम बनाएको छ । यो परिमाण नपुगे न्यूनतम् ज्यालाबाट रकम कटौती गरेरमात्रै दिइँदैछ। तर, श्रमिक भन्छन्– यो त पुऱ्याउनै नसकिने परिमाण हो। मेसिन आउनुअघि एकजनाले एकदिनमा १६ किलो हरियोपत्ती टिप्ने नियम थियो।

व्यवस्थापन पक्षको नयाँ सर्त सुरूआत भएपछि धेरै श्रमिकले तोकिएको चियाको तौल पुऱ्याउनै सकेका छैनन्। तौल नपुग्दा न्यूनतम ज्याला पाउनबाट बञ्चित भएको श्रमिकले बताएका छन्। नयाँ नियम (२०७५ भदौ) लागू भएयता कन्याम बगानका १ सय हाराहारी स्थायी श्रमिकले राजीनामा दिएका छन्। व्यवस्थापनले थपेको कामको भार थेग्न नसकेर उनीहरू राजीनामा दिएर अरू नै व्यवसायमा पलायन भएको श्रमिकले बताएका छन्। बगानको विपक्षमा भएका विषयलाई बाहिर ल्याउँदा श्रमिकहरुले आफ्नो नाम नै खुलाउन मान्दैनन्। सूर्योदय नगरपालिकाका मेयर रणबहादुर राईलाई आफ्ना समस्या सुनाउँदा श्रमिक मैया तामाङलाई कन्याम चियाबगान व्यवस्थापनले नसिहत दियो। र, केही समयपछिमात्रै पुनः काम गर्ने वातावरण बन्यो। 'बगान व्यवस्थापन पक्ष अहिले ज्यादै निर्दयी हिसाबले हामीलाई काममा पेलिरहेको छ', नाम नखुलाउने सर्त राख्दै एक श्रमिकले भने 'हामी आफू मर्कामा परेको कुरा बाहिर ल्याउँदा व्यवस्थापन पक्षबाट उल्टै सरूवा गर्ने, कामबाटै हटाउनेजस्ता धम्की आइहाल्छन् । हामी शोषणमा परेका छौं। तर, यो कामबाट निस्कनुपऱ्यो भने हातमुख जोर्ने अर्को विकल्प नभएरमात्रै बस्नुपरेको हो।'

श्रम ऐन ०७४ ले श्रमिकलाई ४५ दिन बिरामी बिदा दिने व्यवस्था गरे पनि त्यो बिदा सञ्चित गर्न नपाएको अर्का एक श्रमिकले जानकारी दिए । 'वर्षभरीमा १२ दिन बिरामी बिदा पाइन्छ, त्यो बिदामा बस्यो भने बस्यो नत्र सञ्चित गर्न पाइँदैन, कटौती भएर जान्छ', ती श्रमिकले भने, 'लगातार ३० दिन काममा उपस्थित हुन सकिएन भने व्यवस्थापनले स्पष्टीकरण सोधेर सोझै हटाउने गरेको छ, त्यस्ता घटना पनि भएका छन्।' कन्याम चिया बगानमा अहिले ६४ स्थायी र ५० मौसमी गरी १ सय १४ श्रमिक कार्यरत छन्। नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक सङ्घका अध्यक्ष रमेश खड्का भन्छन्, 'हामीले बोलेको भाषा नै नबुझ्ने व्यक्ति बगान र कारखानाको प्रबन्धक बनाइएको छ, उहाँले दिएको आदेश हामीले पालना गर्नुको विकल्प छैन।' श्रम ऐन २०७४ ले श्रमिकलाई कामको जिम्मेवारी दिँदा उसले बुझ्ने भाषामा दिनुपर्ने व्यवस्था गरेको छ। बिहान ८ देखि बेलुका ५ बजेसम्म काम गर्दा पनि न्यूनतम ज्याला पाउन नसकेको उनले बताए। 'हरियो पत्ती टिप्दा तोकिएको परिमाण पुगेन भने हाम्रो दैनिक ज्याला कट्टी हुन्छ', उनले भने, 'तोकिएको परिमाण त कसैले पनि पुऱ्याउन सक्दैन। सधैं हाम्रो न्यूनतम् ज्याला कटौती भइरहेको छ।' व्यवस्थापन पक्षले काममा लगाएका श्रमिकलाई ऐनले तोकेअनुसार नियुक्तिपत्रसमेत दिएको छैन।

इलाम र झापामा रहेका अधिकांश चिया बगानमा मेसिनले चिया टिप्दा प्रत्येक श्रमिकले दिनमा ५० किलो नपुऱ्याए नपुगेको परिमाण (किलो)ले न्यूनतम् ज्यालालाई भाग लगाउँदा कति अङ्क आउँछ त्यति नै हिसाब कटौती गर्ने गरिएको खड्काले बताए। ५० किलो टिप्नुपर्नेमा ४० किलोमात्रै टिपिएको छ भने (रु. ३८५/५०) ले हुन आउने रकम (७.७ रुपियाँ) प्रतिकिलोमै कटौती हुन्छ। यसो गर्दा ४० किलो टिप्ने मजदुरको दैनिक ७० रुपैयाँ ज्याला कटौती हुन्छ। खड्काले भने, 'न्यूनतम् ज्याला दिने भनेर के गर्नु, परिमाण नपुगेपछि त्यो ज्याला पाउने कुरा भएन।'

अहिलेसम्म दैनिक न्यूनतम ज्याला थाप्नेको सङ्ख्या १० प्रतिशतजति मात्रै हुन्छ। महिलाले चाहिँ मेसिन चलाउन निकै सङ्घर्ष गर्नुपर्ने देखिएको अर्का श्रमिक उमेश रेग्मीले बताए। 'ठूलो भएकाले अलि बलियो मान्छेले मात्रै चलाउनसक्ने मेसिन छ', रेग्मीले भने, 'मेसिन दिनभर चलाउन नसकेर पनि परिमाण पुऱ्याउन धौधौ परेको हो।' आफूहरूले २०७७ सालको चाडबाड खर्च पाए पनि २०७६ सालको चाहिँ नपाएको श्रमिकले बताए।

सरकारी स्वामित्वमा रहेका कन्यामसहित इलाम, सोक्तिम, चिलिमकोट, झापाका बर्ने, टोकला र बाहृदर्शी गरी सात चिया बगानलाई नेपाल सरकारले ०५७ सालमा ५० वर्षका लागि त्रिवेणी संघाई समूहलाई लिजमा दिएको थियो। पटक–पटक सेवासुविधा माग गर्दा पनि माग पूरा नभएपछि श्रमिकले आन्दोलन गरे। तर, पनि भनेजस्तो गरी समस्या समाधान भएन। बगानमा काम गर्न नसकेपछि सरकारी बगान निजी क्षेत्रलाई लिजमा दिनुअघि कन्याम बगानमा ४ सय ७३ मजदुर रहेकामा धेरैले राजीनामा दिए। थोरैको चाहिँ

अवकाश भयो। अहिले यो बगानमा ११ पुरुषसहित ६५ मजदुरमात्रै स्थायी छन्।

इलाम चिया बगानमा पनि सरकारी व्यवस्थापनमा हुञ्जेल १ सय स्थायी मजदुर रहेकामा अहिले २२ जनामात्रै छन्। इलाम चिया बगानकी श्रमिक सरस्वती चौलागाईं भन्छन्, 'केही साथीहरू (मजदुर)को अनिवार्य अवकाश भयो तर धेरैले चाहिँ काम गर्न नसकेर राजीनामा दिएर अन्तै जानुभयो।'

अर्कातिर, चियाको टिपाइ र कटाइका लागि बगानमा प्रयोग हुने मेसिन बर्खामा पानीले बिग्रिने भएकाले पनि श्रमिकलाई कामको जोखिम बढेको छ। मेसिन चलिरहेका बेला पानी पर्‍यो भने करेन्ट लाग्ने, मेसिनले काम नगर्नेजस्ता समस्याले पनि हामीलाई समस्या पारिरहेको छ', कन्याम चिया बगानकी श्रमिक गोमा प्रधानले भनिन्, 'बेला–बेला त यो मेसिनले गम्भीर घाइते नै बनाउँछ किजस्तो हुन्छ।' अर्की श्रमिक लीला थापाले महिलाले मेसिन चलाउन निकै बल गर्नुपरेको सुनाइन्।

श्रम ऐन–२०७४ ले श्रमिकको सामान्य चोटपटक लाग्दाको उपचार पनि व्यवस्थापन पक्षले नै गर्नुपर्ने व्यवस्था गरेको छ। त्यतिमात्र होइन, श्रमिकको कम्तीमा वार्षिक १ लाख रुपैयाँको औषधि–उपचार बिमा र कम्तीमा ७ लाख रुपैयाँको दुर्घटना बिमासमेत गर्नुपर्ने व्यवस्था छ। र, व्यवस्थापन पक्षले श्रमिकसहितको सहभागितामा श्रमिकको सुरक्षा तथा स्वास्थ्य समिति गठन गर्नुपर्ने व्यवस्था छ।

तर, व्यवस्थापनले न बिमाको नियम कार्यान्वयन गरेको छ न सुरक्षा र स्वास्थ्य समिति नै गठन गरेको छ। सामान्य चोटपटक लाग्दा खर्च भएको रकमसमेत नजिकैका मेडिकलहरूमा नतिरिदिँदा आफूहरूलाई समस्या परेको कन्याम चिया बगानका श्रमिकको गुनासो छ। 'काम गर्दा लागेको सामान्य चोटपटकको उपचार खर्च त व्यवस्थापनले बेहोर्छ तर हामी १७ जनाले पोहोरदेखि गराएको यस्तो उपचारको पैसा अहिलेसम्म स्थानीय मेडिकलहरूमा नतिर्दा चाहिँ समस्या छ', श्रमिक खड्काले भनिन्, 'अब केही भइहाले हामीलाई यहाँका मेडिकलले उपचार गरिदिँदैनन्, पुरानो बाँकी तिरेरमात्र उपचार गर्छु भन्न थालेका छन्।'

सरकारले २०७५ साउन ३१ गते प्रकाशित गरेको नेपाल राजपत्रमा चिया बगानका श्रमिकको आधारभूत पारिश्रमिक मासिक ६ हजार ४ सय ६९ रुपियाँ, महँगी भत्ता ४ हजार ३ सय १२ रुपियाँ गरी मासिक १० हजार सात सय ८१ रुपियाँ तोकेको छ। यस्तै, चिया श्रमिकको आधारभूत दैनिक २ सय ३१ र महँगी भत्ता १ सय ५४ रुपियाँ गरी ३ सय ८५ रुपियाँ तोकेको छ। सरकारले चिया श्रमिकको प्रतिघण्टा आधारभूत ज्याला ३१ रुपियाँ र महँगी भत्ता २० रुपियाँ गरी प्रतिघण्टा ५१ रुपियाँ तोकेको छ।

यसबाहेक यो पारिश्रमिकको अतिरिक्त श्रम ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ र प्रचलित कानुनअनुसार श्रमिकले पाउने सञ्चय कोष र उपदानसमेत दिनुपर्ने व्यवस्था राजपत्रमा छ।

२०६४ सालमा कन्याम चिया बगानका मजदुरले आफ्ना माग पूरा गर्न दबाबस्वरूप बगानको चिया टिपेर आफैं लगे। उनीहरूले आन्दोलन गर्ने क्रममा आफूले टिपेको चिया कारखानामा लैजानुको सट्टा घर लगेपछि पुनरावेदन अदालतमा मुद्दा दायर गरियो। अदालतले मजदुरहरू चिया बगानमा पस्नै नपाउने गरी 'निषेधाज्ञा' जारी गर्‍यो। मजदुर सङ्घ–सङ्गठन, राजनीतिक दल, चियाबगान व्यवस्थापन पक्ष बसेर उनीहरूले पुनः चियाबगानमा काम गर्ने वातावरणका लागि पहल गरेपछि पुनः सहमति भई उनीहरूले काम थाले।

मजदुरले २०६८/०६९ सालतिर मेची राजमार्गको कन्याम खण्डमा कहिले साता, कहिले दुई सातासम्म सडक बन्द गराएका थिए। उनीहरूले दर्जनौँपटक हातमा कालोपट्टी बाँधेर काम गरे भने कारखानाहरूसमेत बन्द गराए। मजदुरले खाइपाइ आएको ज्याला वृद्धि गर्नुपर्ने, २ सय ४० दिन काम गरेका मजदुरलाई अस्थायी र स्थायीको नियुक्ति दिनुपर्ने, कट्टी भएको कर्मचारीको सञ्चयकोष व्यवस्थित गर्नुपर्ने र मजदुरको सार्वजनिक, सुत्केरी बिदाजस्ता कर्मचारीलाई दिइएजस्तो सेवा दिनुपर्नेलगायत माग राखेर २०७० साल साउन २ देखि ९ दिन आन्दोलन गरे। त्यतिबेला सरकारले चिया मजदुरको दैनिक ज्याला १ सय ५८ रुपियाँ तोकेको थियो। २०६८ कात्तिक २१ मा प्रकाशित राजपत्रमा चिया मजदुरको मासिक ज्याला ४ हजार ४ सय २४ रुपियाँ हुने उल्लेख थियो। 'ज्याला कार्यान्वयनको आश्वासनमा उनीहरूले त्यतिबेला आन्दोलन स्थगित गरेका थिए। कति माग कार्यान्वयन भए, कति मागमा त्यसै सहमति जनाउनुपर्‍यो', मजदुर नेता नर्वदा निरौलाले सुनाइन्, 'कतिपय मजदुरबीचमै फाटो आएकाले केही गर्दा नलागेर सुस्ताउन बाध्य भयौं।'

## श्रमिकको अधिकारसम्बन्धी राष्ट्रिय कानुन

नेपालको संविधान (२०७२) को धारा ३४ मा श्रमको हक उल्लेख छ। यसमा 'प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ' भनिएको छ। प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारिक सामाजिक सुरक्षाको हक हुनेछ। प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले २०६६ मङ्सिरमा प्रकाशन गरेको 'मानव अधिकार शिक्षामाला' का अनुसार भूमिहीन कृषि ज्यालाजीवीहरू कृषि मजदुर हुन्। कृषि क्षेत्रमा आफ्नो श्रम बेचेर जीविकोपार्जन गर्नेहरू, जसलाई माथिको वर्गीकरणअनुरूप चार किसिममा विभाजन गरिएको छ– पूर्वकमैया, बाँधा मजदुरहरू, हली गोठाला–खेतालाहरू, कृषि फर्मका कामदार र कृषि क्षेत्रमा ज्याला गरेर जीवन निर्वाह गर्नेहरू नै कृषि मजदुर हुन्। २०४८ सालको कृषि गणनाले कृषि श्रमिकलाई तीन श्रेणीमा बाँडेको छ। ती हुन् – ज्याला वा तलब प्राप्त गर्ने कृषि मजदुर, आफ्नै खेत वा फर्ममा काम गर्ने कृषि श्रमिक, भुक्तानी नपाउने पारिवारिक श्रमिक।

२०५६ साल पुस २९ मा सरकारले कृषि मजदुरको ज्याला दिनको ६० रुपैयाँ तोकेको थियो। यो ज्याला दैनिक ८ घण्टा काम गर्दाको हो। उनीहरूलाई घण्टाको साढे ७ रुपियाँ ज्याला तोकिएको थियो। त्यसयता विभिन्न समयमा सरकारले कृषि मजदुरको ज्याला दिनको ८०, १ सय, १ सय २०, २ सय गर्दै २ सय ५३ रुपियाँ तोक्यो।

२०७२ माघ १८ को राजपत्रमा चिया बगानमा काम गर्ने कामदारले दैनिक २ सय ५३ रुपियाँ ज्याला पाउने व्यवस्था छ। कारखानाभित्र काम गर्ने कामदार, सरदार, नाइके र चौकीदारलाई त्यसमा दैनिक ३० रुपियाँ भत्ता थप हुने त्यही राजपत्रमा उल्लेख छ। यो व्यवस्था २०७३ साउनदेखि २०७४ असार मसान्तसम्मका लागि हो। त्यही राजपत्रमा २०७२ असार मसान्तसम्मलाई चिया बगानमा काम गर्ने कामदारको मासिक न्यूनतम पारिश्रमिक ६ हजार ३ सय ७५ रुपियाँ तोकिएको थियो। मजदुरको दैनिक ज्याला २ सय २८ रुपियाँ थियो भने कारखानाभित्र काम गर्ने कामदार, सरदार, नाइके र चौकीदारलाई त्यसमा दैनिक ३० रुपियाँ भत्ता थप गर्नुपर्ने व्यवस्था थियो। तर, मासिक पारिश्रमिक पाउनेका लागि भने भत्ता रकम थप्ने व्यवस्था थिएन।

सरकारी चिया बगान निजीकरण भएपछि चिया मजदुर असन्तुष्ट मात्र छैनन्, कामबाटै निरास बन्दैछन्। 'सरकारले तोकेको न्यूनतम् पारिश्रमिक र सामाजिक सुरक्षाको सुविधाबिनै काम गरूँ भन्यो भने छोराछोरीको मुखमा भोलिदेखि माड लाग्दैन', श्रमिक निरौला भन्छिन्, 'सरकारले तोकेको सुविधा लागू गराउन दबाब दियो भने हरेक उपाय लगाएर उसलाई कामबाट हटाउने प्रपञ्च सुरु भइहाल्छ।' नेपाली किसान र मजदुरलाई पनि घरमा खान–लाउन र छोराछोरी स्कुल पठाउन दिनमा कम्तीमा ५–६ सय रुपैयाँ कमाइ आवश्यक पर्ने भन्दै उहाँले त्यो पनि नभए कम्तीमा सरकारले तोकेको ज्याालासम्म दिए केही सहज हुने बताइन्। 'हामीले भनेजति नै दिन नसकेपनि सरकारले तोकेको सुविधासम्म त दिनुपर्‍यो नि !' उनले भनिन्, 'सरकारी नियमसमेत नमान्ने र मजदुरमाथि अन्याय गर्नेहरू यो देशको कानुनभन्दा माथिका हुन् कि जस्तो पो लाग्न थालिसक्यो।' सरकारले लागू गरेका कानुन, नीति, नियमभन्दा माथि कोही पनि नरहेकाले त्यसलाई लागू गर्न सबै तत्पर हुनुपर्ने कानुन व्यवसायी तारा पराजुली बताउँछिन्। 'अर्काको अधिकार हस्तक्षेप गर्न हुँदैन', उनले भने, 'कसैले अधिकार हस्तक्षेप गरेको छ भने कानुनी बाटोमा जान सकिन्छ।'

चिया बगान व्यवस्थापन पक्ष चाहिँ मजदुरहरूलाई सरकारले तोकेकै ज्याला दिइरहेको दाबी गर्छ। इलाम चिया उद्योगकी प्रबन्धक इन्दिरा गुरुङले 'व्यवस्थापन पक्षले ऐनमा भएका सेवा–सुविधा दिइरहेको दाबी गरिन्। मेसिन प्रयोग गर्न थालेपछि काम त अलि बढ्छ नै तर श्रमिकले गर्न नसक्नेखालको काम लगाएको छैन', उनले भनिन्, 'न्यूनतम् ज्याला दिएका छौं। अरू सुविधाहरू पनि दिइएको छ।' 'चिया बगान व्यवस्थापनको जिम्मा लिएको सांघाई समूह अध्यक्ष सुवास सांघाईले श्रमिकको ज्याला कार्यान्वयन भएको दाबी गरे। न्यूनतम् ज्याला दिएकै छौं', उनले भने, 'अन्य सुविधा पनि दिएका छौं, कुनै सुविधा दिन बाँकी भए बिस्तारै त्यसको व्यवस्थापन हुन्छ। हामी प्रयासरत छौं।'

## निष्कर्ष

- इलामका कन्याम, इलाम, सोक्तिम र चिलिमकोट चिया बगानका श्रमिक सरकारले तोकेभन्दा कम सुविधामै काम गर्न बाध्य छन्। उनीहरूलाई न्यूनतम् पारिश्रमिक (लागू हुने समयभन्दा निकै पछि भएपनि) दिइएको छ तर ऐनले तोकेको अन्य सुविधा दिइएको छैन। पारिश्रमिक बढेको नयाँ ऐन

लागू हुनासाथ श्रमिकको कामको बोझ बढी बनाइएको छ, जुन बोझ श्रमिकले पूरा गर्न सक्दैनन्, पूरा गर्न नसक्दा दैनिक ज्याला कटौती भइरहेको छ।

- सम्बन्धित पक्षलाई जतिपटक दबाब दिए पनि श्रमिकहरूले ऐनको पूर्ण कार्यान्वयन गराउन सकेका छैनन् । तर, आफ्नो साँझ–बिहानको हातमुख जोर्ने समस्या टार्न उनीहरू यहीँ काम गर्न बाध्य छन् । यहीँ काम गर्न बाध्य हुनुको कारण आफू बसेको चिया बगानकै धुरा पनि हो । चिया बगानको काम छाडेर अन्त जाउँ भने बस्ने घर हुँदैन । सार्वजनिक रूपमा आफ्ना समस्या राख्दा कामबाट हटाउने गरिएको छ।
- चिया बगान व्यवस्थापन पक्षले सरकारले तोकेको सेवा–सुविधा श्रमिकलाई नदिनु नै मुख्य समस्या हो । व्यवस्थापन पक्ष चाहिँ कुनै न कुनै रूपमा श्रमिकमाथिको दायित्वबाट पन्छिन खोजेको देखिन्छ । र, सरकारले पनि आफूले बनाएका नीति–नियमको पूर्ण पालनामा अनुगमन र कडाइ गर्न सकेको छैन। मजदुरहरूको न्यूनतम ज्याला र श्रम ऐन–२०७४ ले तोकेको सुविधा श्रमिकलाई सुनिश्चित गर्न सकेको छैन।

**सुझाव**

- चिया बगान व्यवस्थापन पक्षले श्रमिकको अधिकारसम्बन्धी प्रचलित कानुन कार्यान्वयन गर्नुपर्छ।
- विभिन्न अधिकारकर्मी सङ्घ–संस्था र सञ्चारका माध्यमसमेतले श्रमिकको सुविधा, ऐन–कानुन कार्यान्वयनको अवस्थालगायतबारे सम्बन्धित पक्षको ध्यानाकर्षण गर्नुपर्छ । दबाब सिर्जना गर्नुपर्छ।
- चौतर्फी दबाबकै कारण न्यूनतम् ज्यालाको समस्या करिब–करिब समाधाननजिक पुगे पनि सामाजिक सुरक्षाको सुविधा कार्यान्वयन नभएको देखिएकाले यसप्रति व्यवस्थापन पक्षको ध्यान पुग्न जरुरी छ।
- सरकारहरूले आफ्नो क्षेत्रभित्र भइरहेको कानुन उल्लङ्घनको विषयलाई समाधान गर्न पहल गर्नु पर्छ।
- देशमा बढेको महँगीका आधारमा न्यूनतम् ज्याला निर्धारण गर्नुपर्छ र समयअनुसार, ऐनले तोकेको म्यादअनुसार आवधिक गर्नुपर्छ । सरकारी र गैरसरकारी सङ्घ–संस्थाले न्यूनतम् ज्यालाबारे मजदुरहरूलाई सचेत र शिक्षित गराउन आवश्यक छ। मजदुरको न्यूनतम् ज्यालादर कार्यान्वयन भए–नभएको अनुगमन गर्नुपर्छ । कानुन उल्लङ्घन गर्नेलाई कारबाही गर्नुपर्छ।